# महाकुलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बुङ, सोलुखुम्बु
### स्थाः २०७३

१ नं.प्रदेश, नेपाल

प.सं.२०७८/०७९
च.नं. ०८-१०२४

मितिः २०७९।०१।१६

श्री वडा कार्यालयहरु (सबै),
श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु (सबै),
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु ।

**विषयः शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा "सबै बालबालिका विद्यालय पठाऔँ; शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरौँ" भन्ने नाराका साथ शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्ना कार्यक्रम २०७९ वैशाख महिनामा नै सञ्चालन गर्ने शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रारम्भिक बालविकास शाखा, सानोठिमी, भक्तपुरको च. नं. १४, मिति २०७८।१२।२१ को परिपत्र एवम महाकुलुङ गाउँपालिका, गाउँ शिक्षा समिति एवम् प्रधानाध्यापकहरुको संयुक्त वैठकको मिति २०७८।११।१६ को निर्णयानुसार यस महाकुलुङ गाउँपालिका अन्तर्गतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले मिति २०७९ वैशाख महिना भरी नयाँ विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गरी तपसिलका कार्यक्रमहरु गर्न/गराउनु हुन अनुरोध छ ।

तपिसिलः

१. सबै वडा कार्यालयहरुले आफ्नो वडा भित्रका विद्यालय जाने उमेरका बालबालिकाहरुलाई विद्यालय पठाउनका लागि सहजीकरण गरिदिने ।
२. विद्यालयले विद्यालय व्यवस्थापन समितिको वैठकको निर्णय गराई कार्यतालिका सहित शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ बमोजिम विद्यालय उमेर पुगेका बालबालिकालाई मात्र विद्यालयमा भर्ना गर्ने/गराउने ।
३. विद्यालयमा नयाँ विद्यार्थी भर्ना गर्दा अनिवार्य रुपमा जन्मदर्ता लिई सोही अनुसार गर्ने/गराउने ।
४. विद्यार्थी भर्नाका नाममा विद्यालयले कुनै पनि किसिमको शुल्क विद्यार्थी तथा अभिभावकबाट नलिने ।
५. विद्यार्थी भर्नासगैँ नयाँ पाठ्यपुस्तक विद्यार्थीहरुलाई निःशुल्क वितरण गर्ने व्यवस्था मिलाउने । साथै पाठ्यपुस्तक विद्यार्थीलाई वितरण गर्दा अनिवार्य भर्पाइ गर्ने/गराउने ।
६. विद्यालयले एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।
७. विद्यालयले आफ्नो सेवा क्षेत्रभित्र विद्यालय बाहिर रहेका बालबालिकाको लगत सङ्कलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवम् समस्या पहिचाहन, विद्यालय भर्नाका लागि घरदैलो अभियान जस्ता क्रियाकलाप गर्ने/गराउने ।

Email: mahakulung.rum@gmail.com

Web: mahakulungmun.gov.np

८. वडा कार्यालय तथा विद्यालयले आफ्नो सेवा क्षेत्र भित्र विद्यालय उमेर समूहका शतप्रतिशत बालबालिका विद्यालयमा आएको र विद्यालय बाहिर नरहेको भनी स्वघोषणा गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने।

९. गाउँपालिकाबाट आधारभूत तह कक्षा ८ सम्म अध्ययनरत छात्रा तथा दलित विद्यार्थीका लागि निकासा गरिएको छात्रवृत्ति वितरण गरी सार्वजनिक रुपमा सूचना विद्यालयको सूचना पाटीमा टाँस गर्ने/गराउने र यसको विवरण गाउँपालिकालाई अनिवार्य दिने।

१०. शैक्षिक सत्र २०७९ को नियमित पठनपाठन मिति २०७९ जेठ ३ गते मङ्गलबारका दिन देखि सञ्चालन गर्ने व्यवस्था मिलाउने।

............................
झमक बहादुर कटुवाल
शिक्षा शाखा प्रमुख

............................
विष्णु रञ्जन वराल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा महाकुलुङ गाउँपालिका (वेवसाइटमा प्रविष्ट गरिदिनु हुन)।